नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८-०१-०६ गतेको कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी निर्णयहरू कार्यान्वयनका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३०४४, मिति २०७८-०१-०६ को पत्रबाट लेखी आएको हुँदा उक्त निर्णयहरू यस जिल्लामा मिति २०७८-०१-०७ गतेदेखि लागू हुने गरी देहायबमोजिम कार्यान्वयन गर्ने, गराउने ।

१.१ हेटौडा उपमहानगरपालिकामा रहेका शैक्षिक संस्था (विद्यालय, कलेज, ट्युशन सेन्टर, तालिम केन्द्र) मा सम्वत् २०७८ साल बैशाख मसान्तसम्म भौतिकरूपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरू अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्ने । हेटौडा उपमहानगरपालिका बाहेक अन्य स्थानीय तहहरूले जोखिमको आँकलन गरी आफ्नो स्थानीय तह अन्तर्गतका विद्यालयहरूमा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गराई पठनपाठन गर्ने, गराउने । साथै, सम्बन्धित स्थानीय तहको पालिकास्तरीय शिक्षा समितिको निर्णय बमोजिम हुने गरी परीक्षा यथाशीघ्र सञ्चालनको व्यवस्था मिलाउने । यसमा शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुरले सहजीकरण गर्ने ।

१.२ विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी तोकिएको समयमा सञ्चालन गर्ने र सो को जानकारी शिक्षा विकास तथा समन्वय इकाई मार्फत जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरलाई दिने ।

१.३ जिल्लाभित्र रहेका सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्पा, स्विमिंग पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकूद र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सम्वत् २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने । ब्युटिपार्लर र सैलुनहरूको हकमा PPE, मास्क र स्यानिटाइजरको प्रयोगलाई अनिवार्य बनाउने र एक पटकमा एक जनालाई मात्र सेवा प्रदान गर्ने ।

१.४ जिल्लाभित्रका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सम्वत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने, गराउने । यसमा सम्बन्धित धार्मिक स्थलका सञ्चालकले आवश्यक व्यवस्थापन मिलाउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

